# नेपाली

# नयाँ बाटो

**अनुलामः** परमेश्वर पिता मेरो बाबालाई जाँडरक्सीको लतबाट छुटाउनुहोस् । मेरो बाबालेजाँड पिएर मेरो आमालाई पिट्नु भएकोले मेरो आमा भागेर जानु भएको पनि धेरै दिन भयो । हाम्रो रपरिवारलाई माया गर्नुभई मेरो बाबालाई जाँड पिउनुबाट छुट्टाउनु होस् । अनि मेरो आमा पनि फर्केर आउन सकोस् । येशू खीष्टको नाउँमा आमेन् ।

**साङ्केनहाङः** परमेश्वर पिता, मेरो बाबा जाँड रक्सीले मातेर उहाँको बुद्धि हराउनु हुँदैछ । घर पनि बिग्रँदै छ । घरमा खानेकुरा सकेतापनि केही जस्तो पनि मान्नुहुन्न । परमेश्वर पिता मेरो बाबाले जाँड रक्सी पिउनु छोड्नु भएको होस् । तपाईमा म शक्ति माग्दछु येशू खीष्टको नाउँमा आमेन् ।

**अनुलामः** बाबा अब जाँड नपिउनु भए हुन्थ्यो । अब भात खानुहोस् न ।

**अनुलामको बाबाः** हुन्छ, हुन्छ, यति मात्रै हो म पिईहाल्छु । अनि यति अर्को तिम्रो आमाको नाममा पनि पिउँछु है?

**अनुलामः** बाबा मेरो आमालाई कहिले खोजेर ल्याउनुहुन्छ? मलाई आमालाई हेर्नु मन लाग्दैछ ।

**अनुलामको बाबाः** तँ चुप लागेर बस् । भागेको मान्छे किन खोजी ल्याउनु? आफै उसको घर सम्झेर फर्कि आउँछे ।

**साङ्केनहाङको आमाः** अब भात खानुहोस् । जाँड मात्र पिएर कसरी काम गर्न सक्नुहुन्छ?

**साङ्केनहाङको बाबाः** होइन, तिमी के भन्दैछौ? भातले मात्र शक्ति दिंदैन । भातले भन्दा ज्यादै यो जाँडले शक्ति दिन्छ र काम गर्न सकिन्छ ।

**साङ्केनहाङः** बाबा मेरो आमाले राम्रै भन्दैहुनुहुन्छ । मैले स्कूलमा पढेको भात राम्रो सँग खायौं भने हाम्रो बल पनि आउँछ र जीउ पनि राम्रो हुन्छ अरे ।

**साङ्केनहाङ बाबाः** तिमी बच्चा मान्छेले के जानेको छ र? धेरै जान्ने नहोऊ । पहिलेदेखि हामीले यो जाँड रक्सी पिउँदै आएका हौं, यो पिएनौं भनेता हामी राई पनि होइनौं ।

**अनुलामको बाबाः** ओ...यो यसरी के गर्दैछ हौ? बौलाउँदैछस्? तेरो काम छैन, यो किन पानी फर्काउँदैछस् हाँ? बौउलाउँदैछस् कि कसो हो ?

**साङ्केनहाङको बाबाः** हा... हा... हेर, तर मेरो खेतमा पानी धेरै पस्छ। यो वर्ष धेरै धान फल्छ ।

**अनुलामको बाबाः** यो त भएन, भएन, भएन, पानी नआएको बेला मेरो खेतमा पानी छैन। यो भएन। तँ बौलाउँदैछस् हो?

**साङ्केनहाङको बाबाः** म बौलाह !, म बौलाउँदै छु त !

**अनुलामको बाबाः** तिमी/तँ धेरै पिउँछस् र बौलाउँदैछस्?

**साङ्केनहाङको बाबाः** तँ/तिमी राम्रो भए तेरो घर मालिक्नीले (श्रीमति) पिटेर भाग्छ ?

**अनुलामको बाबाः** तँ धेरै पिएर नै बौलाउँदैछस् । राम्ररी सुन् ।

**अनुलामः** बाबा...बाबा....

**साङ्केनहाङः** बाबा...बाबा...

**अनुलामको बाबाः** यसको काम छैन । आम्मै ! यसले मेरो खेतबारी सुकाईदियो । त्यो जाँड पिएर बौलाउन थाल्यो ।

**अनुलामः** बाबा, मान्छे बौलाउने जाँड तपाईं किन पिउनुहुन्छ? पिउनु छोड्नु होस् न ।

**अनुलामको बाबाः** मैले जति पिए पनि उ जस्तो बौलाहा हुँदिन । उसले अझै पनि दुःख दिन्छ भने मैले जानेको छु क्या ।

**अनुलामको बाबाः** आम्मै..मै... यो के भयो ? पाक्न लागेको मकै सबै उसको गाईले खाईहाल्यो । अब म के गरुँ ?

**अनुलामः** बाबा..बाबा.. के भयो ?

**अनुलामको बाबाः** ऊ हेर न, सबै खाईहाल्यो मकै । यो त साङ्केनहाङको गाई जस्तो देखिँदैछ ! कि होईन?

**अनुलामः** बाबा...बाबा..

**अनुलामको बाबाः** यो कसको हो ? यो को सुत्दैछ? उठ् । तेरो गाईले मेरो सबै मकै खाईसक्यो । तँ के हेर्दै थिईस्?

**साङ्केनहाङः** बाबा... बाबा...

**अनुलामः** बाबा... बाबा...

**अनुलामको बाबाः** तैले के हेरेर गाई छोडिपठाईस् ?

**साङ्केनहाङः** बाबा

**साङ्केनहाङको बाबाः** साङ्केनहाङ...साङ्केनहाङ...

**साङ्केनहाङः** बाबा

**साङ्केनहाङको बाबाः** साङ्केनहाङ तँ जिउँदै छस् ?

**साङ्केनहाङः** म कहिले मरेको थिएँ र ? जिउँदै छु ।

**साङ्केनहाङको बाबाः** अँ हो.. हो..

**साङ्केनहाङः** कस्तो सपना देख्नु भएर तपाईँ तर्सिंदै हुनुहुन्छ? तपाई धेरै जाँड पिएर तर्सिंदै हुनुहुन्छ । बाबा, म हात जोड्छु, "आजदेखि जाँड पिउन छोड्नुहोस्, साँच्चै बाबा म हात जोड्छु ।

**साङ्केनहाङको बाबाः** हुन्छ, हुन्छ म आजदेखि जाँड पिउन छोड्नेछु । आजदेखि म कसम खान्छु ।

**साङ्केनहाङः** बाबा.. बाबा.. तपाई जाँड छोड्दै हुनुहुन्छ ? बाबा अबदेखि कहिले पनि जाँड नपिउनुहोस् ।

**अनुलामः** बाबा, बाबा, स्कूलमा औषधी गर्ने मानिसहरु आएकाछन् अरे । तपाईँ पनि गएर तपाईँको स्वास्थ्य देखाउनुहोस् न ।

**अनुलामको बाबाः** अँ पर्दैन। किन जानु ?

**अनुलामः** किन पर्दैन ? अस्तिको रात छाद्नु पनि भयो । सित्तैमा जाँचिदिन्छ अरे । पैसा लाग्दैन ।

**अनुलामको बाबाः** सित्तैमा अरे ! उसो भए गई हेर्नुपर्‍यो ।

**डाक्टरः** एक जना आउनुहोस् ।

**डाक्टर :** नमस्कार, विहानै तपाई जाँड पिएर आउनुभयो कि कसो? तपाईँको के दुख्दैछ ?

**अनुलामको बाबाः** त्यति त दुखेको छैन, भात खान मन लाग्दैन त्यसैले आएको ।

**अनुलामः** मेरो बाबा धेरै जाँड रक्सी पिउनुहुन्छ, भात पनि खानुहुन्न, अस्तिको रातमा छाद्नु पनि भयो ।

**डाक्टरः** खै हेरौं त । मैंले सोंचे जस्तै रहेछ । धेरै जाँडरक्सी पिएकोले तपाईको आँखा सुन्निएको छ ।

**अनुलामको बाबाः** के जाँड रक्सीले पनि यस्तो हुन्छ र? मलाई त कुल देवताहरु बिटुलिएको जस्तै लाग्दैछ।

**डाक्टरः** त्यस्तो होइन दाई, हाम्रो खानपिन देखिनै रोग उब्जिन्छ । कुल देवताहरु बिटुलिएर रोगी भइँदैन । अझ पनि तपाईंले जाँड रक्सी पिउनु छोड्नु भएन भने तपाईको कलेजो कुहिन्छ । तपाईको कलेजो कुहियो भने तपाई पनि मर्नुहुन्छ है । यो तपाईको छोरी कि को ? तपाईको छोराछोरी सम्झँदै कसरी जाँड रक्सी पिउन सक्नु भएको? तपाईको छोराछोरीलाई पुग्ने सम्पत्ति तपाई आफै पिएर सक्नुहुन्छ । तपाईलाई दिने औषधी केही पनि छैन । जाँड रक्सी छोड्नुभयो भने त्यो नै तपाईको औषधी हो ।

**अनुलामको बाबाः** तिमी/तँ कता निस्केको?

**साङ्केनहाङः** आजदेखि मेरो बाबुले जाँड पिउनु छाड्नु भएको छ । अस्ति भत्किएको कुलो बनाउन झरेको ।

**अनुलामको बाबाः** आम्मै..आम्मै... लोदर त हुँदैन ? आज घाम कहाँबाट निस्क्यो हँ ?

**अनुलामको बाबाले मन भित्र सम्झेकोः** तपाईं छोराछोरी सम्झँदै कसरी जाँड रक्सी पिउनु सक्दैहुनुहुन्छ ? जाँडरक्सी पिउनु भएन भने त्यही नै हो तपाईको औषधी ।

**साङ्केनहाङको बाबाः** के सोंच्दैछस्?

**अनुलामको बाबाः** अँ हुन्छ, हुन्छ, हुन्छ।

**साङ्केनहाङको बाबाः** छिट्टो काम गर। छिट्टो सक्नुपर्छ ।

**साङ्केनहाङको आमाः** हजूर

**साङ्केनहाङः** ओहो यो मिठो भयो ।

**साङ्केनहाङको आमाः** मिठो भयो? मिठो होस् भनेर नै बनाएर ल्याईदिएको क्या? कि होईन? कि छैन?

मिठो छ

**साङ्केनहाङको बाबाः** साह्रै नै मिठो भयो। हा..हा.हा.हा.

**अनुलामः** तिम्रो बाबाले जाँड पिउन छोड्नु हुँदाखेरि तिमी कति खुशी भयौ होला होईन?

**साङ्केनहाङः** हो त नि मैले दिनुहुँ प्रार्थना गर्दै थिएँ साँच्चै नै परमेश्वरले मेरो प्रार्थना सुनिदिनुभएको रहेछ ।

**अनुलामः** त्यस्तो हगी? मैले पनि मेरो बाबा आमाहरुको लागि प्रार्थना गर्दैछु । तर मेरो चाहिँ प्रार्थना नसुनिदिनु भएजस्तो लाग्दैछ । मेरो बाबाले जाँड पनि छोड्नु भएको छैन। मेरो आमा पनि फर्केर आउनु भएको छैन ।

**अनुलामको बाबाः** अनुलाम

**अनुलामः** बाबा

**अनुलामको बाबाः** स्कूल पुग्न ढिलो हुन्छ है । म भोली बेलुका घर आउँछु। यो बाखाहरु राम्ररी हेर्नु है ।

**अनुलामः** तपाइँ कता जाँदै हुनुहुन्छ ?

**अनुलामको बाबाः** म तिम्रो आमालाई लिन होम्ताङ्ग जाँदैछु ।

**अनुलामः** साँच्चै, हो ? मेरो आमा त तपाईले जाँड नछोडुन्जेलसम्म फर्केर आउँदिन भनेर भन्दै हुनुहुन्थ्यो ।

**अनुलामको बाबाः** साँच्चै नै मैले पनि अब जाँड पिउन छोडे ।

**अनुलामः** साँच्चै?

**अनुलामको बाबाः** साँच्चै नै। लौ म जाँदैछु है ।

**अनुलामः** हुन्छ राम्ररी जानुहोस् । मेरो आमालाई लिएर मात्रै आउनुहोस् है ।